# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

२०८१/०१/०४

स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि HMIS सम्बन्धि तालिम सम्पन्न भएको छ/ कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालयका प. नि. सु. गणेश सुबेदीले गर्नु भएको थियो/



२०८१/०१/०६

स्वास्थ्य कार्यालय म्याग्दीका मातहतमा रहेका स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाई हरुबाट भिटामिन "A" र जुकाको औसधि खुवाउने कार्यक्रम सम्पन्न भएको छ/





२०८१/०१/०६

"स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभिगता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्दता" भन्ने मूल नाराका साथ अन्नपूर्ण गाउँपालिका वार्ड-८ लाइ पूर्णखोप तथा दिगोपना घोसणा समारोह सम्पन्न भयो/ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लगायत वार्ड नं. ८ अन्तर्गतका जनप्रतिनिधिहरु, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरु, खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय क्लबका प्रतिनिधिहरु, हिस्तान मण्डली स्वास्थ्य चौकीमा कार्यरत स्वस्थाकर्मीहरु, आमा समूहका प्रतिनिधिहरु, शिक्षकहरु, म.स्व. से. हरु लगायत टोलसुधार समितिका पदाधिकारीहरु एबं अन्य सरोकारवाला हरुको उपस्थिति रहेको थियो/



उक्त कार्यक्रममा वार्ड कार्यालय -८, राम्चे र स्वास्थ्य चौकीलाइ प्रमाण-पत्र प्रदान गरिएको थियो साथै आगामी दिनमा समेत पूर्णखोप वार्ड सुनिश्चितता तथा दिगोपना वार्ड कायम राख्ने प्रतिबद्धता ब्यक्त गरिएको थियो/

२०८१/०१/०७

“स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभिगता, पूर्णखोप वडा सुनिश्चितता हाम्रो प्रतिबद्दता” भन्ने मूल नाराका साथ अन्नपूर्ण गाउँपालिका वार्ड-५ लाइ पूर्णखोप तथा दिगोपना घोसणा समारोह सम्पन्न भयो/ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष लगायत वार्ड नं. ५ अन्तर्गतका जनप्रतिनिधिहरु, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था व्यवस्थापन समितिका पदाधिकारीहरु, खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय क्लबका प्रतिनिधिहरु, हिस्तान मण्डली स्वास्थ्य चौकीमा कार्यरत स्वस्थाकर्मीहरु, आमा समूहका प्रतिनिधिहरु, शिक्षकहरु, म.स्व. से. हरु लगायत टोलसुधार समितिका पदाधिकारीहरु एबं अन्य सरोकारवाला हरुको उपस्थिति रहेको थियो/




उक्त कार्यक्रममा वार्ड कार्यालय -५, शिख पाउदार र स्वास्थ्य चौकीलाइ प्रमाण-पत्र प्रदान गरिएको थियो साथै आगामी दिनमा समेत पूर्णखोप वार्ड सुनिश्चितता तथा दिगोपना वार्ड कायम राख्ने प्रतिबद्धता ब्यक्त गरिएको थियो/

# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार



२०८१/०१/०८

स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोप पालिका सुनिश्चितता हाम्रो प्रतिबद्धता भन्ने मूल नाराका साथ म्याग्दी जिल्लको धवलागिरि गाउँपालिकाको पूर्णखोप पालिका सुनिश्चितता तथा दिगोपना घोषणा समारोहमा जिल्ला खोप समन्वय समिती म्याग्दी प्रमुख, पालिका खोप समन्वय समिती प्रमुख, उपप्रमुख, सामाजिक बिकास सम्योजक, स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख र खोप सुपर भाइजर, जनप्रतिनिधीहरु, स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, पालिका खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, आमा समूहका प्रतिनिधिहरु, स्थानीय विद्यालयका शिक्षकहरु एवं म. स्वा. से. विभिन्न सरोकारवालाहरु लगायतको उपस्थितिमा सु सम्पन्न-भयो/




उक्त अवसरमा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट गाउँपालिका लाइ प्रसंशा पत्र समेत प्रदान गरिएको थियो/



२०८१/०१/०८

“स्थानीय श्रोतको उपयोग स्वामित्व र सहभागीतामा पुर्ण खोप वार्ड सुनिश्चितता हाम्रो प्रतिबद्धता” भन्ने मुल नाराका साथ म्याग्दी जिल्ला मालिका गाउँ पालिकाको वार्ड १ पूर्णखोप वार्ड घोसणा सम्पन्न गरियो/



# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

२०८१/०१/०९

म्याग्दी जिल्ला मालिका गाउँपालिको वार्ड नम्बर ६ मा रहेको दर्बाङ आधारभुत अस्पतालमा स्थानिय श्रोतको उपभोग, स्वामित्व र सहभागितामा पुर्ण खोप वार्ड सुनिश्चिता तथा दिगोपना हाम्रो प्रतिबद्धता भन्ने मुल नाराका साथ सम्पन्न भएको छ ।




२०८१/०१/११

स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्णखोपपालिका सुनिश्चितता हाम्रो प्रतिबद्धता भन्ने मूलनाराका साथ म्याग्दी जिला मंगला गाउँपालिकाको वार्ड-४ पूर्णखोप पालिका सुनिश्चितता तथा दिगोपना घोषणाभएको छ / उक्त समारोहमा जिल्ला खोप समन्वय समिती, पालिका खोप समन्वय समिती प्रमुख, उप-प्रमुख सामाजिक बिकास सम्योजक, जनप्रतिनिधी ज्यूहरु, स्वास्थ्य शाखा प्रमुख ज्यू, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरु, पालिका खोप समन्वय समितिका पदाधिकारीहरु, स्थानीय क्लवका प्रतिनिधिहरु, स्वास्थ्यकर्मीहरु, आमा समूहका प्रतिनिधिहरु विद्यालयका शिक्षकहरु, म.स्वा. से. लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भएको छ



कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठी र खोप फोलक पर्सन बिरेन्द्र चौधरीले आफ्नो धारणा राख्नु भएको थियो/

२०८१/०१/१२

स्वास्थ्य कार्यालयको आयोजनामा विभिन्न स्थानिय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि BHSSTP सम्वन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बेनि अस्पताल मे.सु. अन्जु थापा, थुम्सिकोट प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत डाक्टर बिनोद बराल र बेनि अस्पतालमा म्याग्दिमा कार्यरत मे.अ. रोशन आचार्य लगायतले सहजिकरण गर्नुभएको थियो ।



# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

जिल्ला स्वास्थ्य कार्यालय म्याग्दी, बेनी

२०८१/०१/१३

स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा विश्व औलो दिवशको अवसरमा पत्रकार तथा सरोकारवालाहरु संग अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रममा स्वास्थ्य कार्यालयको तर्फबाट स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख भुवन ठकुराठी, ज.स्वा.अ. राजेन्द्र सापकोटा र गणेश सुबेदिले पत्रकार हरु संग अन्तरक्रिया गर्नुभएको थियो/



कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यलय म्याग्दीका सापकोटा र दर्बाङ आधारभुत अस्पतालका मे.अ. गायत्री पौडेल ले गर्नु भएको थियो भने पालिकाको तर्फबाट स्वास्थ्य संयोजक सन्तु कुमारी कार्कीले आफ्नो धारणा राख्नु भएको थियो/

२०८१/०१/१३

बिश्व मलेरिया दिवसको अवसरमा औलो " भन्ने मूल नाराक साथ "बिरुद्धलडाइलाइ तिब्रता दिऔ स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा मालिका गाउँपालिका अन्तर्गत दर्बाङ आधारभुत अस्पताल र मंगला गाउँपालिका अन्तर्गत अर्मन स्वास्थ्य चौकीमा औलो तथा किटजन्य रोगहरु रोकथाम सम्बन्धि अभिमुखीकरण तथा प्रयोगशाला सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो/



प्रयोगशाला सम्बन्धि प्रशिक्षण जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा कार्यरत रजनी विश्वकर्माले गर्नुभएको थियो/

# मासीक समाचार पत्रिका

**अंक २, बर्ष १, जेठ १ गते, मंगल बार**

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी





२०८१/०१/१६

स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा अन्नपूर्ण गाउँपालिकामा स्वास्थ्य कर्मी हरुका लागि औलो तथा किटजन्य रोगहरु रोकथाम सम्बन्धि अभिमुखीकरण तथा प्रयोगशाला सम्बन्धि प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यलय म्याग्दीका ज.स्वा.अ. राजेन्द्र सापकोटा र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा कार्यरत ल्याब टेक्निसियन रजनी विश्वकर्माले गर्नुभएको थियो।



२०८१/०१/१७

स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा जिल्ला स्तरीय हात्तीपाइले रोग सम्बन्धी Morbidity Mapping and Disability Prevention कार्यक्रमको प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न भएको छ ।कार्यक्रम को अध्यक्षता स्वा. का. म्याग्दीका प्रमुख भुवन ठकुराठीले गर्नु भएको थियो भने प्रमुख आतिथ्यता ब. स्वा. शि. प्र. स्वास्थ्य निर्देशनालय पोखरा का रमेश प्रसाद अधकारी ले गर्नु भएको थियो/ प्रमुख प्रशिक्षक पर्वत अस्पतालका मे.सु. डा. हेमन्त बास्तोलाले गर्नु भएको थियो कार्यक्रममा स्वास्थ्य निर्देशनालय बाट कार्यक्रम फोकल पर्सन सुशीला कार्कीले सहजीकरण गर्नु भएको थियो/ कार्यक्रममा पालिका स्तरका स्वास्थ्य शाखा प्रमुख र स्वास्थ्य कर्मी हरुको उपस्थिति रहेको थियो/



२०८१/०१/१८

मालिका गाउँपालिकाको आयोजनामा "स्थानीय श्रोतको उपभोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित पालिका हाम्रो प्रतिबद्धता" भन्ने मूल नाराका साथ चालु आ.ब. २०८०/८१ को चैत्र महिना सम्म यस गाउँपालिका अन्तर्गतका १५ महिना मुनिका १९७ जना बालबालिकाहरुलाई राष्ट्रिय खोप तालिका बमोजिम १५ महिनाको उमेरभित्र पाउनुपर्ने सम्पूर्ण खोपहरु दिईरहेको र १६ देखि ५९ महिना सम्मका १,०२८ जना

# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

बालबालिकाहरुमा पूर्णखोपको अवस्था कायम राखी आगामी दिनमा समेत पूर्णखोप पालिका सुनिश्चतता तथा दिगोपना कायम राख्ने प्रतिबद्धता व्यक्त गर्दै यस मालिका गाउँपालिकालाई पूर्णखोप पालिका सुनिश्चितता तथा दिगोपना घोषणा समारोह मालिका गाउँपालिकाका अध्यक्ष एवं पालिका खोप समन्वय समिति अध्यक्ष श्रद्धय व्यक्तित्व बेग प्रसाद गर्बुजा ज्यूको अध्यक्षतामा जिल्ला समन्वय समितिका प्रमुख एवं जिल्ला खोप समन्वय समितका अध्यक्ष आदरणीय व्यक्तित्व राजकुमार थापा ज्यूको प्रमुख आतिथ्यता र स्वास्थ्य कार्यालय म्याग्दीका कार्यालय प्रमुख एवं जिल्ला खोप समन्वय समितका सदस्य सचिव आदरणीय श्री भुवन ठकुराठी ज्यूको आतिथ्यतामा सम्पन्न गरिएको छ । उक्त समारोहमा वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधी, संघ-संस्थाका प्रतिनिधि, स्वास्थ्यकर्मी, शिक्षक एवं विद्यार्थी, आमा समूह, म.सा.स्वा.स्व.से. लगायत विभिन्न सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।




२०८१/०१/१८

रघुगंगा गाउँपालिकाको आयोजनामा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा गोष्ठी गाउँपालिका अन्तर्गतका प्रत्येक वडाका स्वास्थ्य संस्था प्रमुख र खोप फोकल पर्सनहरुको उपस्थितिमा सुसम्पन्न गरिएको छ। उक्त कार्यक्रममा - स्वास्थ्य कार्यालय म्याग्दीमा कार्यरत कोल्डचेन सुपरभाईजर एवं खोप कार्यक्रमका फोकल पर्सन विरेन्द्र कुमार चौधरीले सहजीकरण गर्नु भएको थियो भने, कार्यक्रममा गा.पा. प्रमुख प्रशासकीय अधिकृत श्री पदम बहादुर भण्डारी, स्वास्थ्य शाखा प्रमुख टिका बहादुर शाही, विर बहादुर ओली, स्वास्थ्य शाखामा कार्यरत स्वास्थ्य कर्मीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमलाई विषयगत रुपबाट भन्नुपर्दा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दीगोपना तथा सुक्ष्मयोजना अद्यावधिक र सरसफाई प्रवर्द्धन प्याकेज कार्यक्रमको समिक्षा गोष्ठी कार्यक्रममा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुले गत आ. वा. तथा चालु आ.ब. २०८०/८१ को बैशाख महिनासम्मको राष्ट्रिय खोप कार्यक्रम साथै सरसफाई प्रवर्द्धन प्याकेज कार्यक्रमको विभिन्न सूचकहरुको अवस्था प्रस्तुतिकरण गरे पश्चात् सबै स्वास्थ्य संस्थाहरुको विश्लेषण र राष्ट्रिय खोप कार्यक्रमका ऐन, नियमावली, नीति, रणनीति तथा निर्देशिका मा भएका परिमार्जनहरु अद्यावधिक गरी स्वास्थ्यकर्मीहरु लाई खोप कार्यक्रममा भएका परिवर्तन, कार्यक्रमको रेकर्डिङ्ग, रिपोर्टिङ्ग लगायत अन्य सम्बन्धित विषयमा छलफल गरिएको थियो भने सरसफाई प्रवर्द्धन कार्यक्रमको समिक्षा गरिएको थियो।



# मासीक  समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

मिति २०८१/०१/२१



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य कार्यक्रमको २ दिने समिक्षा तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ।



कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख भुवन ठकुराठी,कार्यक्रम फोकल पर्सन गणेश सुवेदी, जनस्वास्थ्य अधिकृत राजेन्द्र सापकोटाले,स्वास्थ्य निर्देशनालय बरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत मनकुमारी ओझा लगायतले गर्नुभएको थियो।

मिति २०८१/०१/२७



भुरुङ् तातोपानी स्वास्थ्य चौकिमा २३ वर्षिय दानाको आमाले दोस्रो सन्तानको रुपमा गर्भको ३२+४ हप्तामा समय भन्दा अगावै जम्मा १६०० ग्राम धेरै नै कम तौलको छोरी जन्म भएपछि स्वास्थ्यकर्मिहरु आफै गाडीको व्यवस्था आफुहरु पनि संगै पालीकाको समन्वयमा वेनी अस्पतालमा लगि केहिबेर अक्सिजनको सपोर्टमा राखि पुन गण्डकि अस्पतालमा लगि NICU मा राखी उपचार भइरहेको जानकारीमा आएको छ!

# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार

जिल्ला स्वास्थ्य कार्यालय
म्याग्दी, बेनी

मिति २०८१/०१/२८




बहुआयामिक नमूना ग्राम कार्यक्रम अन्तर्गत रघुगंगा गाउँपालिकाको आयोजनामा वडा नं ७ को चिमखोला स्वास्थ्य चौकीमा बैशाख २५ गते देखि २८ गते सम्म सञ्चालित महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुकोल लागि क्षमता विकास सम्बन्धी ४ दिने पुनर्ताजगी तालिम आज समापन गरिएको छ। कार्यक्रमको उद्घाटन तथा समापन सत्रमा ७ नंवडाका वडा अध्यक्ष श्री थक . बहादुर पाईजा, स्वास्थ्य शाखा प्रमुख श्री टिका बहादुर शाही, विर बहादुर ओली, E.D.F. श्री धर्मकुमारी थापा, चिमखोला स्वास्थ्य चौकीका सम्पूर्ण कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो। कुल ४ दिने तालिमको मूख्य सहजीकरण विर बहादुर ओली र टिका बहादुर शाहीले गर्नु भएको थियो भने चिमखोला स्वास्थ्य चौकीका हिस्टुरी पाईजा र शुष्मा पौडेल पुनले कार्यक्रमको अन्य सहजीकरण गर्नु भएको थियो।

मिति २०८१/०१/२८



स्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा आइ पि भि खोप अभियान सम्बन्धी जिल्ला स्तरिय स्वास्थ्यकर्मिहरुको अभिमुखुखिकरण कार्याक्रम सप्पन्न भएको छ/





२०७१ सालमा शुरूवात भएका खोप आई पि भि खोप सन्चालनमा रहेको र केही कारण बस २०७३ को जेष्ठ

# मासीक समाचार पत्रिका

अंक २, बर्ष १, जेठ १ गते, मंगल बार


महिनाबाट २०७५ को भाद्र महिना सम्म विश्व भरी आई पि खोपको अभाव भएकोले, २०७३ बैशाख महिना देखि २०७५ असोज महिना सम्म जन्मेका बालबालिकालाई पोलियो रोगबाट सुरक्षा प्रदान गर्ने सुइ बाट दिईने आई पि खोप लगाउन छुटेको हुँदा, ती बालबालबालिकालाई पोलियो रोग विरुद्ध प्रतिरोधात्मक क्षमता बिकास गर्न नेपाल सरकारले यहि मिति २०८१ साल जेष्ठ महिनाको १३ गतेबाट नेपाल भरी आई पि खोप अभियानलाई सफल बनाउन यस म्याग्दी जिल्लाका सबै स्थानिय तहको स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख, स्वास्थ्य शाखा सह संयोजक, स्वास्थ्य संस्था प्रमुख, खोप कार्यकर्ताहरुको संलग्नताको आई पि खोप अभियान सम्बन्धी जिल्ला स्तरिय अभिमुखिकरण कार्यक्रम सफलतापुर्वक सम्पन्न भएको छ ।

---

मिति २०८१/०१/२८



मङ्गला गाउपलिला म्याग्दीको आयोजना तथा स्वास्थ्य कार्यालय म्याग्दीकोसमन्वयमा १ दिने पालिका स्तरीय प्रशिक्षक प्रशिक्षण कार्यक्रम गाउँपालिकाको सभा हलमा सम्पन्न भएको छ / कार्याक्रमा गाउँपालिकाका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी हरुको सहभागिता रहेको थियो/ उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय म्याग्दीको तर्फबाट ज.स्वा.अ. राजेन्द्र सापकोटा ले सहजीकरण गर्नु भएको थियो/

---

मिति २०८१/०१/३०



स्वास्थ्य कार्यालय म्याग्दिको आयोजनामा सामाजिक परिक्षण सम्बन्धि २ दिने तालिम सम्पन्न भएको छ। कार्यक्रममा स्वास्थ्य कार्यालय प्रमुख भुवन ठकुराठी, कार्यक्रम फोकल पर्सन गणेश सुवेदी, र कदम म्याग्दीका हरि प्रसाद पौडेल लगायतले सहजिकरण गर्नुभएको थियो। कार्यक्रममा विभिन्न पालिकामा कार्यरत स्वास्थ्यकर्मीहरूको सहभागीता रहेको थियो।

---

मिति २०८१/०१/३१



जिल्ला खोप समन्वय समिति म्याग्दीको आयोजना तथा स्वास्थ्य कार्यालय म्याग्दीको समन्वयमा "पूर्णखोप जिल्ला

सुनिश्चितता तथा दिगोपना घोषणा समारोह” सम्पन्न भएकोछ/ कार्यक्रम जिल्ला समन्वय प्रमुखको अदक्षतामा भएको थियो भने सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रालय गण्डकी प्रदेशबाट सामाजिक बिकाश तथा स्वास्थ्य मन्त्रि ज्यु को प्रमुख आतिथ्य रहेको थियो/ त्यसैगरि सामाजिक तथा स्वास्थ्य मन्त्रालयका सचिब ज्यु लगायत प्रदेश निर्देशनालाय बाट अतिथिहरुको उपस्थिति रहेको थियो/



कार्यक्रममा म्याग्दी जिल्लाक सम्पूर्ण राजनीतिक दलहरुक प्रतिनिधि,स्थानीय तहका प्रमुख, उपप्रमुख लगायत स्वास्थ्य शाखा तथा स्वास्थ्य संस्था बाट स्वास्थ्यकर्मी लगायत अन्य प्रतिनिधिहरु, महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका लगायत अन्य सरोकारवाला हरुको उपस्थिति रहेको थियो/



कार्यक्रममा खोप सम्बन्धि र्याली जिल्ला समन्वय समितिको सभा हलबाट सुरु गरि बजारका बिभिन्न भाग परिक्रम गरि पुन समन्वयको हलमा पुगेको थियो/



कार्यक्रममा स्थानीय तहका स्वास्थ्य संस्था बात उत्कृष्ट खोप स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था, पालिका हरुलाइ प्रमाण पत्र सहित दोसल्ला ओढाएर सम्मान गराइएको थियो/ कार्यक्रममा स्वास्थ्यकर्मी हरुबाट सांगीतिक कार्यक्रम प्रस्तुत गरिएको थियो साथै आगामी दिनमा खोप सुनिश्चितता तथा दिगोपना गर्ने प्रतिबद्धता समेत गरिएकोथियो/